# इलाम नगरपालिका
# इलाम नगरपालिकाको राजपत्र

**खण्ड : ७ सङ्ख्या : ४ मिति : २०८०।३।१६**

**भाग २**

**इलाम नगरपालिकाको कार्यपालिका बैठकबाट पारित इलाम नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह बृद्धि सम्बन्धी कार्यविधि, २०८० सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।**

## इलाम नगरपालिका
## इलाम नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह बृद्धि सम्बन्धी कार्यविधि, २०८०

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।३।१६**
**प्रमाणीकरण मिति : २०८०।३।१६**

१. **प्रस्तावना:**स्थानीय सेवाको गठन संञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको कोशी प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश, २०८० को कार्यान्वयनका लागिकार्यविधि निर्माण गर्न बाञ्छनीय भएकोले,स्थानीय सेवाको गठन संञ्चालन र सेवाका शर्तहरु सम्वन्धमा व्यवस्था गर्न जारी गरिएको स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश, २०८० को दफा-१५४ ले दिएको अधिकार प्रयोग गरी इलाम नगरपालिकाको कार्यपालिकाबाट यो कार्यविधि पारित गरी कार्यान्वयनमा ल्याईएको छ।

२.**संक्षिप्त नाम र प्रारम्भ:**(१) यो कार्यविधिको नाम "**इलाम नगरपालिकामा कार्यरत कर्मचारीहरुको तहवृद्धि सम्बन्धी कार्यविधि,** २०८०" रहनेछ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

३.**परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. "**अध्यादेश**" भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० सम्झनु पर्छ।

ख. "**कार्यविधि**" भन्नाले इलाम नगरपालिका कर्मचारी तह बृद्धि सम्बन्धी कार्यविधि,२०८० लाई सम्झनु पर्दछ।

ग. "**प्रदेश**" भन्नाले कोशी प्रदेश सम्झनुपर्दछ।

घ. "**कार्यालय**" भन्नाले इलाम नगरपालिकालाई सम्झनु पर्दछ।

ङ. "**कार्यपालिका**" भन्नाले इलाम नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

च. **"कर्मचारी"** भन्नाले इलाम नगरपालिकाको सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई साथै संघीय लोकसेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई इलाम नगरपालिकामा कार्यरत स्थायी कर्मचारी समेतलाई जनाउदछ

छ. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले इलाम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ

ज. **"तह वृद्धि"** भन्नाले अध्यादेशको दफा-४, दफा-८ र दफा-२८ बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ।

झ. **"प्रदेश लोकसेवा आयोग"** भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ।

ञ. **"सिफारिस समिति"** भन्नाले यो कार्यविधिको दफा-३ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ।

४.<u>सूचना प्रकाशन गर्ने</u>ः

(१) अध्यादेश बमोजिम इलाम नगरपालिकाको स्थानीयसेवामा कार्यरत कर्मचारीको तहवृद्धिका लागि समितिले कम्तिमा एक महिना अगावै सम्भाव्यउम्मेद्वारहरुबाट दरखास्त आह्वानगरि सूचना प्रकाशन गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना नगरपालिकाको सूचनापाटी, सबैवडा कार्यालयहरुको सूचनापाटी, नगरपालिकाको वेभसाइट, सामाजिकसञ्जाल आदिमा प्रकाशन र प्रसारण गर्नु पर्ने छ।

(३) सम्वन्धित कर्मचारीले निवेदन साथ देहाय बमोजिमका कागजातहरु संलग्न राखि दरखास्त पेश गर्नु पर्ने छ ।

१) स्थायी नियुक्ति पत्र ।

२) अध्यादेशको दफा-८ (१६) को हकमा बाहेक बढुवा/तह बृद्धिको पत्र ।

३) समायोजन भएका कर्मचारीको हकमा समायोजन पत्र ।

४) अध्यादेशको दफा २८ (१) को हकमा पछिल्लो ३ वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको सक्कल प्रति ।

५) तोकिएको शैक्षिक योग्यताको लब्धांक तथा चारित्रिक प्रमाणपत्रको उम्मेद्वार स्वयंले प्रमाणित गरेकोछायाँप्रति

६) स्थानीय स्वास्थ्य सेवाका कर्मचारीहरुको हकमा पेसा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको उम्मेद्वार स्वयंले प्रमाणित गरेकोछायाँप्रति ।

**५. सिफारिस समिति** :१. इलाम नगरपालिका अन्तर्गतका कर्मचारीहरुको तहवृद्धिका लागि प्राप्त हुन आएका निवेदन र कागजातको मूल्याङ्कन गर्न अध्यादेशको दफा-२८ को उपदफा-३ बमोजिम देहायको सिफारिस समिति रहनेछ ।

(क)प्रमुख प्रशासकिय अधिकृत –अध्यक्ष

(ख)कार्यपालिकाले तोकेको १ महिला सहित २ जना वरिष्ठ कर्मचारी –सदस्य

२.**समितिको काम, कर्तव्य र अधिकार**ः सिफारिससमितिकोकाम,कर्तव्यरअधिकार निम्नानुसारहुनेछ।

क.तह बृद्धि प्रयोजनका लागि कार्यतालिका निर्धारण गर्ने ।

ख.आवेदन शुल्क निर्धारण गर्ने ।

ग. आवेदन आव्हानको सूचना प्रकाशित गर्ने ।

घ.पेश भएका कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने ।

ङ. अध्यादेशकोदफा-४ को उपदफा- ५बमोजिम सेवा अवधि पाँच वर्षपूरा गरेका कर्मचारीको तह बृद्धिको लागि निर्णय गर्ने।

च.अध्यादेशको दफा- ८ को उपदफा- १६ बमोजिमका कर्मचारीको तह बृद्धिको लागि निर्णय गर्ने।

छ.अध्यादेशको दफा-२८ बमोजिमका कर्मचारीको तह वृद्धिको लागि निर्णय गर्ने ।

ज.तह वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह बृद्धिका लागि कार्यालयलाई सिफारिस गर्ने।

**६. आवश्यक न्यूनतम योग्यता र सेवा अवधि :-**

**(क) तह बृद्धि सम्बन्धी व्यवस्था :-**१. अध्यादेशको दफा-२८ बमोजिम स्थानीय सेवामा कार्यरत कर्मचारीको तह बृद्धि गर्दा तह बृद्धि हुने पदभन्दा एक तह मुनीको पदमा पाँच बर्षको सेवा अवधि पुरा भएका, पछिल्लो तीन बर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमातह बृद्धि गरिनेछ :-

| **क्र.सं.** | **हालको तह** | **तह बृद्धि हुने तह** | **न्यूनतम शैक्षिक योग्यता** | |
|---|---|---|---|---|
| | | | **स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा** | **स्थानीय स्वास्थ्य सेवा** |
| १ | पाँचौ | छैटौ | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा कक्षा १२ उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | सातौ | आठौ | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३ | नवौ | दशौ | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

**(ख) बढुवाको लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता :-** १. स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८० को दफा-८ को उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन तथा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा हुने पदहरुमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा बढुवा हुन सम्भाव्य उम्मेदवार हुने तल्लो पदमा सेवाकालीन तालिम लिएका र पछिल्लो तीन बर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा कम्तिमा नब्बे प्रतिशत अंक प्राप्त गरेका र विज्ञापन हुनुभन्दा अघिको असार मसान्तसम्ममा देहाय बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनु पर्नेछ :-

| **बढुवा हुने पद** | **बढुवा हुन लाग्ने सेवा अवधी** | **न्यूनतम शैक्षिक योग्यता** | |
|---|---|---|---|
| | | **स्वास्थ्य सेवा बाहेकका अन्य सेवा** | **प्रदेश स्वास्थ्य सेवा** |
| अधिकृत एघारौ | अधिकृत दशौ तहमा कम्तीमा तीन बर्ष सेवा | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक |

| | | | |
|---|---|---|---|
| | अवधि पुरा गरेको | | योग्यता |
| अधिकृत नवौं | अधिकृत आठौं तहमा कम्तीमा तीन बर्ष सेवा अवधि पुरा गरेको | सेवा समूहसँग सम्बन्धिध विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| अधिकृत सातौं | अधिकृत छैटौं तहमा कम्तीमा तीन बर्ष सेवा अवधि पुरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| सहायक पाचौं | सहायक चौथो तहमा कम्तीमा तीन बर्ष सेवा अवधि पुरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

**७. तह बृद्धि सम्बन्धी विशेष व्यवस्था :**(१) अध्यादेशको दफा-८ (१४)बमोजिम चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकीय अधिकृतले तह बृद्धिको निर्णय गरी नियुक्तिपत्र दिनेछ ।

(२) अध्यादेशको दफा-८ को उपदफा (१६) बमोजिम निजामती सेवा बाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पुरा गरेका पाँचौं, सातौं र नवौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा-२८ को प्रक्रिया पूरा गरी क्रमश : छैटौं, आठौं र दशौं तहमा एक तह बृद्धि गरिनेछ ।

(३)अध्यादेशको दफा-८ को उपदफा (१६) बमोजिम अधिकृत स्तर सातौ र नवौं तहका पदहरुमा दफा-२९ को प्रक्रिया पूरा गरी अध्यादेशमा तोकिए बमोजिमको बढुवा समितिले बढुवा गर्नेछ ।

(४) संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षा द्वारा स्थानीय सेवाको छैंटौं तहको पदमा सिफारिस भई नियुक्ति भईसकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरी दिने । यसरी सातौं तह कायम गर्नु पूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्नुपर्नेछ ।

(५) निजामती सेवा बाहेक अन्य सेवावाट स्थानीय तहमा समान पदमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई आएका अध्यादेश जारी हुदाँका बखतसम्म तहवृद्धि नभएका नवौं तह सम्मका स्थायी कर्मचारीहरुलाई सोही ऐनको दफा-८ को उपदफा-१६ बमोजिम एक पटकको लागि कार्यविधिको दफा-८ बमोजिम जेष्ठता गणना हुनेगरी एक तहवृद्धि गरिनेछ ।

(६) अध्यादेशको दफा-४ को उपदफा (५) बमोजिमको तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्तिपत्र दिनेछ ।

(७) **कामकाजमा खटिएका कर्मचारी सम्वन्धी व्यवस्थाः-** कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थनीय तहमा तह बृद्धि हुने। एक स्थानीय

तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह वृद्धि गरिनेछ ।

**८. जेष्ठता कायमः-** तह वृद्धि हुने कर्मचारीको अध्यादेशको दफा-२८ को उपदफा (२) बमोजिम प्रत्येक आर्थिक वर्षको माघ १ गते र श्रावण १ गतेबाट जेष्ठता कायम हुनेछ ।

**९. बाधा अड्काउ फुकाउनेः-** कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा नगरकार्यपालिकामा रहनेछ ।

**१०. तह वृद्धि गर्न नहुनेः-**स्थानीय तहको कर्मचारी देहायको अवस्थामा देहायको अवधिभर बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन र उक्त अवधिभर निजको तह बृद्धि समेत रोक्का गरिनेछ,

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तह बृद्धि वा बढुवा रोक्का भएकोमा तह बृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) अध्यादेशको दफा-४२ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन बर्षको अवधिभर,

(ङ) असाधारण बिदा वा अध्ययन बिदामा बसेकोमा सो बिदाको अवधिभर,

(च) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर ।

**११. जानकारी दिनु पर्नेः-**तह बृद्धिको जानकारी निर्णय भएको मितिले १५ दिनभित्र प्रदेश किताबखाना, मन्त्रालय र प्रदेश लोक सेवा आयोगलाई दिनु पर्नेछ ।

**१२. उजुरी/गुनासोः-** तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

**१३. प्रचलित कानुन बमोजिम हुनेः-** यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**आज्ञाले**

गणेश कुमार खड्का

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

(कार्यविधिको दफा ६ सँग सम्बन्धित)

**तह बृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा**

मिति : २०...../....../......

**श्री अध्यक्षज्यू**
**तह वृद्धि सिफारिस समिति**
**इलाम नगरपालिका ।**

**विषय : तह वृद्धि गरी पाउँ।**

प्रस्तुत विषयमा यस नगरपालिकाको तह वृद्धि सिफारिस समितिको मिति २०...../....../......गतेको सूचना अनुसार म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिम देहाय बमोजिमको पदमा तह बृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

**तपसिल**

१. स्थायी नियुक्तिको पत्र ।
२. बढुवा/तह वृद्धि भएको पत्र।(दफा ८(१६) को हकमा नपर्ने)
३. समायोजनपत्र।(समायोजन भएका कर्मचारीको हकमा मात्र)
४. नेपाली नागरिकताको प्रमाण-पत्र।
५. न्युनतम शैक्षिक योग्यताको प्रमाण-पत्र।
६. पछिल्लो ३ वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको सक्कल प्रति ।(सूचना बमोजिम आवश्यक हुने)

| | |
|---|---|
| नाम थरः | सुरु नियुक्ति मिति |
| पदः | हालको पदमा तह बृद्धि/बढुवा मिति |
| तहः | समायोजन मिति |
| सेवाः | कर्मचारी संकेत न. |
| समुहः | कार्यरत कार्यालय : |

माथि उल्लेखित सबै व्यहोरा ठीक साँचो हो झुठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला ।

**निवेदक**

नाम :

दस्तखत :

क.सं.नं. :

**अनुसूची-२**

**(दफा-७ सँग सम्बन्धित)**

इलाम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भानुपथ, इलाम

**मितिः-** २०....../......../.......

**विषयः- ................................ तहमा तह बृद्धि गरिएको सम्बन्धमा ।**

**महाशय,**

तपाईलाई कोशी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को परिच्छेद ३ दफा ८ को उपदफा १६ र इलाम नगरपालिकाको मिति २०८....../......../.......गतेको निर्णयानुसार कानून बमोजिम जेष्ठता कायम हुने गरी .............................तहमा तह बृद्धि गरिएको छ ।

अधिकृतस्तर/सहायकस्तर ........................तहमा तह बृद्धि हुनुभएकोमा हार्दिक बधाई तथा शुभकामना । तपाईलाई प्राप्त जिम्मेवारी राष्ट्र, जनता र सरकार प्रति कर्तब्यनिष्ठ भई प्रचलित ऐन, कानूनको परिधिमा रहेर पारदर्शिता, निष्पक्ष, अनुशासित भई सकारात्मक सोच र उर्जाकासाथ कार्य सम्पादन गर्नुहुनेछ भन्ने अपेक्षा लिएको छु ।

**तपसिलः-**

| **साविक सेवा, समूह, तह** | **तह कायम गरीएको सेवा, समूह, तह** |
|---|---|
| **सेवाः-** | **सेवाः-** |
| **समुहः-** | **समुहः-** |
| **पद/पदनामः-** | **पद/पदनामः-** |
| **सो पदमा नियुक्ति मितिः-** | **तहः-** |
| **समायोजन पदः-** | **पदस्थापन गरीएको कार्यालयः-**इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, इलाम । |
| **समायोजन मितिः-** | |
| **कार्यालयः-** इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, इलाम । | |

**श्री.......................................**

कर्मचारी संकेत नं. ....................

...........................

प्रमुख प्रशासकीय अधिकृत

**<u>बोधार्थः-</u>**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।

श्रीलोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर काठमाण्डौ ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश, बिराटनगर ।

श्री प्रदेश लोकसेवा आयोग, कोशी प्रदेश, बिराटनगर ।

श्री राष्ट्रिय किताबखाना(निजामती), हरिहरभवन, ललितपुर ।

श्री प्रदेश किताबखाना,कोशी प्रदेश, बिराटनगर ।

श्री कर्मचारी संचयकोष, काठमाण्डौ/बिराटनगर ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, इलाम।

श्री आर्थिक प्रशासन शाखा,इलाम नगरपालिका,इलाम।